श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय
भूमिसुधार विभागको
सूचना

यस विभाग अन्तरगत भूमि प्रशासन कार्यालय दाङको भूमि प्रशासक श्री विष्णुप्रसाद खत्री काजमा रहनुभएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी भूमिसुधार विभागका शाखा अधिकृत श्री रामप्रसाद श्रेष्ठलाई मिति २०३२।७।६ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
नारायणविक्रम शाह
श्री ५ को सरकारको सह–सचिव

श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय
भूमिसुधार विभागको
सूचना

यस विभाग अन्तरगत जिल्ला भूमिसुधार कार्यालय कास्कीको रिक्त भूमिसुधार अधिकारी पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी जिल्ला भूमिसुधार कार्यालय डोटीका शाखा अधिकृत श्री प्रेमचन्द्र शर्मालाई मिति २०३२।७।६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
नारायणविक्रम शाह
श्री ५ को सरकारको सह–सचिव

श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय
भूमिसुधार विभागको
सूचना

यस विभाग अन्तरगत जिल्ला भूमिसुधार कार्यालय डोटीको रिक्त भूमिसुधार अधिकारी पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी भूमिसुधार विभागका शाखा अधिकृत श्री हरिमान थैबलाई मिति २०३२।७।११ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
नारायणविक्रम शाह
श्री ५ को सरकारको सह–सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४६